**प्रदेश खाद्य परिषद्मा देहाय बमोजिम अध्यक्ष र सदस्य रहनेछन्:-**

| | | |
|---|---|---|
| (क) | मन्त्री, कृषि मन्त्रालय | -अध्यक्ष |
| (ख) | सदस्य, प्रदेश योजना आयोग (कृषि विषय हेर्ने) | -सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मानव अधिकार विषय हेर्ने) | सदस्य |
| (घ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (च) | सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (छ) | सचिव, कृषि मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, स्वास्थ्य मन्त्रालय | -सदस्य |
| (ञ) | सचिव, उद्योग, श्रम तथा रोजगार मन्त्रालय | -सदस्य |
| (ट) | संयोजक, नगरपालिका महासंघ, प्रदेश नं. १ | -सदस्य |
| (ठ) | अध्यक्ष, गाउँपालिका महासंघ, प्रदेश नं. १ | -सदस्य |
| (ड) | अध्यक्ष, उद्योग वाणिज्य महासंघ, प्रदेश नं. १ | -सदस्य |
| (ढ) | प्रमुख, कृषक समुह महासंघ, प्रदेश नं. १ | -सदस्य |
| (ण) | प्रमुख, खाद्य, प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर | -सदस्य |
| (त) | प्रमुख, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि, विराटनगर | -सदस्य |
| (थ) | कृषि, खाद्य प्रविधि र ग्रामिण विकास सम्बन्धी विषयका विज्ञहरु मध्येबाट कृषि मन्त्रालयले मनोनित गरेको एक जना महिला | -सदस्य |
| (द) | प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि मन्त्रालय | -सदस्य सचिव |

**खाद्य परिषद्को काम, कर्तव्य र अधिकर देहाय बमोजिम हुनेछ:-**

(क) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको संरक्षण र प्रबर्द्धन गर्न आवश्यक कानूनी, नीतिगत, संस्थागत र कार्यगत सुधारको लागि प्रदेश सरकारलाई आवश्यक राय सहित सिफारिस गर्ने,

(ख) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने,

(ग) राष्ट्रिय खाद्य परिषद् र स्थानीय खाद्य समन्वय समितिहरुसँग समन्वय गरी खाद्य अधिकार, खाद्य सुरक्षा, खाद्य सम्प्रभुताको संरक्षण र प्रवर्द्धनका लागि कार्यक्रम गर्ने गराउने,

सचिव

(घ) प्रदेशलाई आधारभूत खाद्यमा आत्मनिर्भर बनाउन अवलम्वन गर्नु पर्ने उपायहरुको कार्यान्वयनका लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने तथा आवश्यक सिफारिस गर्ने,

(ङ) प्रादेशिक क्षेत्र भित्र खाद्य पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चितताका लागि आवश्यक समन्वय गर्ने,

(च) भोकमरीको रोकथाम र नियन्त्रण सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजनाहरु निर्माणका लागि सहजिकरण गर्ने तथा योजनाहरु कार्यान्वयनको व्यवस्था गर्ने गराउने,

(छ) संघ र स्थानीय तहसँग समन्वय गरी खाद्य सहायता उपलब्ध गराउन तथा संकटको समयमा खाद्यको आवश्यकता पुरा गर्न खाद्य सञ्चितीको व्यवस्था लागि सहजिकरण तथा समन्वय गरी सहयोग परिचालन गर्ने गराउने,

(ज) गरिबी, भौगोलिक विकटता, विपद् लगायतका कारणले खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान गरी एकीकृत तथा अध्यावधिक अभिलेख राख्ने कार्यका लागि आवश्यक समन्वय गर्ने,

(झ) लक्षित घर परिवारलाई सहुलियत मूल्यमा र खास प्रकृतिका लक्षित घर परिवारलाई निःशुल्क खाद्य सहायता उपलब्ध गराउन नेपाल सरकार र स्थानीयतह सँग समन्वय गर्ने,

(ञ) सीमान्तकृत तथा गरिबीको रेखामुनी रहेका व्यक्ति, परिवार वा समुदायको खाद्य सुरक्षाको संरक्षण र प्रवर्द्धन गर्न सरकारी, गैरसरकारी र निजी क्षेत्रको भूमिका अभिवृद्धि गर्ने गराउने,

(ट) प्रदेश भित्र दिगो खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा बैज्ञानिक प्रविधिको विकासका लागि आवश्यक कार्य गर्ने गराउने,

(ठ) नेपाल सरकार, स्थानीय तह लगायत अन्य सरोकारवाला निकायहरु सँग आवश्यक समन्वय गरी खाद्य, खाद्य अधिकार, खाद्य सम्प्रभुताको संरक्षण र प्रवर्द्धन साथै खाद्य तथा पोषण सुरक्षामा पर्न सक्ने प्रतिकूल प्रभाव न्युनिकरण र आपतकालिन अवस्थामा खाद्य उपलब्ध गराउन आवश्यक कार्य गर्ने गराउने,

(ड) कृषि सम्बन्धी नीति निर्माणमा किसानको सहभागिता, कृषि योग्य भूमिको दिगो व्यवस्थापन, लक्षित कृषि विकास कार्यक्रम र स्थानीय कृषि बाली तथा पशुपन्छीजन्य उत्पादन प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने गराउने,

(ढ) आदिवासी जनजाति लगायतका स्थानीय समुदायले जिविकोपार्जन तथा खाद्य सुरक्षाका लागि अपनाएका परम्परागत उपाय तथा खाद्य उत्पादनका स्रोतहरुको संरक्षण प्रवर्द्धनका लागि अध्ययन तथा अनुसन्धानको व्यवस्था गराई प्रदेश सरकारलाई सुझाव दिने,

(ण) प्रदेशको खाद्य प्रणाली, खाद्य तथा पोषण सुरक्षा स्थितिको मुल्यांकन सहितको वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने,

(त) खाद्य अधिकार, खाद्य सम्प्रभूता, खाद्य तथा पोषण सुरक्षाका विषयमा जनचेतना तथा नागरिक शिक्षाको प्रवर्द्धन गर्ने कार्यक्रमहरु बनाई लागू, गर्ने गराउने,

(थ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको संरक्षण र प्रबर्द्धनका लागि आवश्यक कार्य गर्ने गराउने।

(द) परिषद्ले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल वा विज्ञ समुह गठन गर्न सक्नेछ र त्यस्तो उपसमिति वा कार्यदल वा विज्ञ समुहको कार्यक्षेत्रगत शर्त वा कार्यविधि परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

सचिव